
# गजुरी गाउँपालिका, धादिङ

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९




## गजुरी गाउँपालिका

## जिल्ला : धादिङ

## बागमती प्रदेश

विषय सुची


१.पृष्ठभूमि ........ १

२.अवस्था विश्लेषण ........ २

२.१. SWOT विश्लेषण ........ २

२.२. सरोकारवाला पहिचान ........ ७

२.३. लक्षितवर्ग पहिचान ........ ८

३. दीर्घकालिन सोच (Vision) ........ ८

४. ध्येय (Mission) ........ ९

५. लक्ष (Goal) ........ ९

६. उदेश्य (Objectives) ........ ९

७.लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) ........ १०

८. लैससास रणनीति(GESI Strategy) ........ ११

८.१ मूल प्रवाहिकरण ........ ११

८.२ समावेशीकरण ........ ११

८.३ स्थानीयकरण ........ ११

८.४ सशक्तिकरण ........ ११

८.५ सचेतीकरण ........ १२

८.६ संस्थागत संरचना ........ १२

८.७ समन्वय ........ १२


गणेशलाल श्रेष्ठ
अध्यक्ष

८.८ सहकार्य ........ १३

८.९ सहजीकरण ........ १३

८.१० सामाजिक सुरक्षा ........ १३

८.११ अनुगमन मूल्याङ्कन ........ १३

९. रणनैतिक कृयाकलापहरु ........ १४

१०. वित्त व्यवस्थापन ........ ३५

११. कानूनी व्यवस्था ........ ३५

१२. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व ........ ३६

१२. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ........ ३६

१३. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु ........ ३७

१३.१ संभाव्य जोखीम ........ ३७

१३.२ जोखीम न्यूनीकरणका उपायहरु ........ ३७

१४ निश्कर्ष ........ ३७


गणेशलाल श्रेष्ठ
अध्यक्ष

# १.पृष्ठभूमि

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको ।छ नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ ।साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।संविधानले महिला विरुद्ध हुनेसबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला,दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ।सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लेलैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक रआर्थिक उत्थान सम्बन्धी कामगर्ने व्यवस्था गरेको, विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखनजस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको छ।यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर प्रमुख प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न ऐले म कहाँ छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष र अपेक्षित उपलव्धी को निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराउछ ।यसै सन्दर्भलाई आत्मसात गरी यो गजुरी गाउँपालिकाअन्तरगत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यो **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणरण नीति"** तयार गरिएकोछ ।

# २.अवस्था विश्लेषण

धादिङ जिल्लाका १३ वटा स्थानीय तह मध्ये पृथ्वी राजमार्गमा १ नगरपालिका र ४ वटा गाउँपालिकाहरु पर्दछन ।ती चारवटा गाउँपालिका मध्ये एउटा गाउँपालिका गजुरी हो । यस गाउँपालिकाको पूर्वमा गल्छी गाउँपालिका पश्चिममा गजुरी गाउँपालिकाको उत्तरमा धादिङ जिल्लाको सिद्धलेक गाउँपालिका र दक्षिणमा मकवानपुर जिल्ला रहेका छन् । राजधानी काठमाण्डौं देखि करिब ६६ कि.मि. दक्षिण पश्चिममा रहेको यो गाउँपालिकाको क्षेत्रफल १३८.६६ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकामा ८ वटा वडाहरु छन् । वि.स. २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २८७५६ रहेको मध्ये १४२८५ महिला र १४४७१ पुरुष छन् । साविक गजुरी पिंडा र किरानचोक गाविस मिलेर बनेको यो गजुरी गाउँपालिका मुख्य जातीहरुमा चेपाङ बाहुन क्षेत्री, तामाङ ,र दलित बसोबास रहेको छ।यो गाउँपालिकामा शिक्षा स्वास्थ्य लगायतका क्षेत्रहरुमा तुलानात्मक रुपमा पछाडी रहेको छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणको उपयुक्त प्रयोगशाला बनाउन सकिने यो गाउँपालिकाको लैससास रणनीति तयार गर्दा पहिलो चरणमा वर्तमान अवस्था विश्लेषण गरिएकोछ ।हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्रहरु (SWOT,सरोकारवाला र लक्षितवर्ग) निर्धारण गरिएकोछ । जसको विवरण निम्नानुसा प्रस्तुत गरिएकोछ ।

## २.१. SWOT विश्लेषण

यो गजुरी गाउँपालिकाको लैससासको दृष्टिकोणवाट बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीतिकानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएकोछ ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

# क. बलियो पक्ष (Strength)

१. गजुरी गाउँपालिकाले निर्माण गरिसकेका कानून कार्य विधिहरुमा लैससास सम्वन्धी प्रावधानहरु समावेश गरिएको ।

२. आव २०७७/०७८ मा यो गाउँपालिकाले आवधिक योजना तयार गरेको छ जसमा लैससास सम्वन्धी प्रावधानहरु समावेश गरिएका ।

३. गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु प्रसस्त रुपमा समावेश भएको।

४. योजना तर्जुमा गर्दा लक्षित समुह संग बसेर समस्या विश्लेषण गर्ने गरेको । गाउँपालिकाको वार्षिक कार्यक्रममा ती विश्लेषण गरिएका योजनाहरु समावेश भएको ।

५. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको ।

६. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको ।

७. उपभोक्ता समितिहरुमा महिला तथा लक्षित वर्गको सहभागिता अनिवार्य गरेको ।

८. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको

९. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ४०% भन्दा वढी भएको ।
कार्यरत कर्मचारी मध्ये ५०% भन्दा वढी महिला कर्मचारी भएको ।८ मध्ये ४ जना वडा सचीव महिला, ४५ वटा विद्यालयहरु मध्ये १५ वटामा महिला प्रधानाध्यापक भएको । गाउँपालिकामा २ जना शाखा प्रमुख महिला रहेको ।

११. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।

१२. लैङ्गिक विकास हेर्ने शाखाको रुपमा महिला तथा बालबालिका शाखा स्थापना र सचालन भएको ।

१३. गाउँपालिका गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको

१४. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको

१५. लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास को श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरि कार्यान्वयन गरेको ।

१६. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।

१७. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।

१८. स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह ) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको ।

१९. महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा आदी )

गणेशलाल श्रेष्ठ
अध्यक्ष

२०. उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएको । विद्यालय बाहिर रहेका विद्यार्थीहरुको नियमित रुपमा विवरण संकलन गरेको हाल १.२ प्रतिशत वालवालिका स्कुल नगएको हुनाले विशेष भर्ना अभियान संचालन गर्ने ।

२१. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको ।

२२. भौतिक पुर्वाधारका सवै डिजाइनहरुमा लैससास मैत्री प्रावधानहरु (महिला मैत्री, वालमैत्री र अपाङ्ग मैत्री) समेट्ने गरिएको ।

२३. प्रजनन स्वास्थ्य एड्स क्यान्सर र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको

२४. नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिक गरेको ।

२५. सार्वजानिक लेखापरीक्षण सामाजिक परीक्षण तथा सार्वजानिक सुनुवाईमा लक्षित समूहलाई प्रश्न राख्न दिने र छलफल गर्ने गरेको ।

२६. जनप्रतिनिधिहरुको आचार संहिता निर्माण गरि अनुशासनमा बाँधिएको ।

२७. बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक गरेको ।

# ख. कमजोर पक्ष

१. गाउँपालिकाको विद्यायन समितिले कानून मस्यौदा गर्दा र पास गर्दा लैससास दृष्टिले उपयुक्त भए नभएको वारेमा विश्लेषण नगरेको

२. महिला पुरुष समान कामको लागि असमान ज्याला रोक्ने प्रावधानहरु नभएको ।

३. आप्रवासी तथा रैथाने कामदार विच हुने ज्याला विभेद रोक्ने प्रावधानहरु नभएको ।

४. लक्षित वर्गको विकासको लागि निश्चित प्रतिशत वजेट विनियोजन नगरिएको ।

५. दीगो विकास लक्ष सहित अन्य अन्तराष्ट्रिय सन्धी सैझौता प्रतिवद्धता अभिसन्धी बारेमा जनप्रतिनिधि तथा कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण नभएको ।

६. महिला लगायत लक्षित वर्गहरुको छुट्टै खण्डिकृत डाटा (बस्तुगत विवरण) नभएको ।

७. महिला लगायत अन्य लक्षित वर्गको भाषा सहित संवेदनशिल विषयवस्तु सुन्ने र बुझ्ने विषयमा कुनै व्यवस्था नभएको

८. लैङ्गिक उत्तरदायी तथा समाजिक समावेसी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थान नभएको ।

९. लैससास कार्यान्वयन समिति गठन नभएको साथै यो समितिको गठन प्रकृयाका वारेमा जानकारी नभएको

१०. कर्मचारी तथा पदाधिकारीहरुलाई लैङ्गिक हिंसा निवारण सम्वन्धी तालीम तथा अभिमुखीकरण नभएको ।

११. लैङ्गिक हिंसा निवारण कोष स्थापना भएपनि कार्यान्वयन कार्यविधिको अभावमा परिचालन नभएको ।

१२. प्रशासन शाखा मार्फत काम भएपनि मानव संसाधन विकास शाखाको जिम्मेवारी नतोकिएको।

१३. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको आचार संहिता बानाएर लागु नभएको ।

१४. लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणा हुन नसकेको ।

१५. गर्भवती महिलालाई जोखीम तथा खतरा युक्त काममा नलगाउने नीति तयार नभएको ।

१६. भौतिक पूर्वाधारका ड्रइङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको ।

१७. यौनिक तथा लैङ्गिक अल्प संख्याका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

१८. गाउँपालिका लगायत सार्वजानिक कार्यालयहरुमा स्तनपान कक्षहरु व्यवस्था नभएको ।

१९. गाउँपालिका स्तरमा महिला तथा लक्षित वर्गकोको स्वास्थ्य बीमा सम्वन्धी अभिमुखीकरण तथा कार्यक्रम नभएको ।(राष्ट्रिय स्तरमा भइरहेको)

२०. निराक्षर महिलाहरुको लागि शिक्षा सम्वन्धी कुनै कार्यक्रम नभएको ।पुर्ण शाक्षार घोषणा भइसकेको तर जम्मा ८८.१२% मात्र साक्षार रहेको ।

२१. स्वरोजगार तथा वैदेशिक रोजगारमा जान चाहाने महिला तथा लक्षित वर्गका युवाहरुको क्षमता विकासको लागि कुनै कार्यक्रमहरु संचालन नभएको ।

२२. योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको

२३. आफ्नो वेभसाइड तथा सामाजिक संजाल भएपनि त्यसमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको।

## ग. अवसर

१. गजुरी गाउँपालिका को जातीयताका आधारमा सवैभन्दा वढी (१६%) जनसंख्या सिमान्तकृत जाती तामाङको, १४ % अति सिमान्तकृत जाती रहेको र परिभाषागत हिसाबले माथि उल्लेख गरिएका लक्षित बर्गहरुकै उपस्थिति सघन रहेको हुनाले लक्षित विकास कार्यक्रम गर्न सहज हुने ।

२. कानून कार्यान्वयन तथा योजना कार्यान्वयनमा उत्कृट हुने शाखा तथा कर्मचारीलाई पुरस्कृत गर्ने परिपाटी हुनु ।*(जसले कानून कार्यान्वियनका आधारमा उत्कृष्ट शाखा तथा वडाहरुलाई पुरस्कृत गरी निर्माण भएका कानूनहरुको व्यवहारिक पक्षको अध्यन विश्लेषण गर्ने सकिने)*

३. आवश्यक पर्ने कानून नीति नीयम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा उपलव्ध हुनु ।

४. संघीय राजधानी काठमाडौ सहित भरतपुर महानगरपालिका जस्ता बजार क्षेत्रहरु २/४ घण्टा भित्रमै सार्वजानिक यातायातवाट पुरा गरिने हुनाले लक्षित वर्गलाई कृषि तथा औधोगिक उत्पादनमा लागउन सकिने

५. लैससास सम्वन्धी काम गर्ने "सहयात्री" लगायतका गैह सरकारी संस्थाहरु हुनु ।

६. गाउँपालिकाको क्षेत्र भित्र करिव ५० रोपनी जग्गा उपयोग गर्न सकिने भएकोले आवश्यक संरचनाहरु निर्माण गर्न सकिने ।

७. जनप्रतिनिधि तथा कर्मचारीहरुमा युवाहरुको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई प्रौढहरुको अनुभवमा मिसाएर गाउँपालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने

८. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु ।(आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्छ)

९. गाउँपालिका क्षेत्रभित्र कृषि पराविधिक विधालय भएको ।

## घ. चुनौतीहरु

१. छुवाछूत,लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटीलता ।

२. सामाजिक विकासमा काम गर्ने गैह्र सरकारी संघ संस्थाहरु गाउँपालिकामा नहुनु ।

३. शिक्षा स्वास्थ्य क्षेत्रमा पछाडी परेको चेपाङ जातीहरुको सर्वाङ्गिण विकासमा पर्याप्त बजेट विनियोजन गर्न नसक्नु ।

४। विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिकको कामको मूल्याङ्कन नहुनु ।

५। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन नीयम कानून कार्यविधि कार्यान्वन नहुनु।

६. संचार माधम तथा सामाजिक संजालको को दुरुपयोग र बाल बालिकाको उमेरमा नै व्यापक प्रयोगले बालविवाह अवैध बच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्ध विच्छेद हुने जस्ता संभावना वढ्दै जानु ।

७. कृषि प्रति युवा लाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न नसक्नु।

८. कृषकहरु सम्मानित नहुनु कृषि उपजको उत्पादन भण्डारण तथा विक्रि वितरणका लागि उपयुक्त व्यवस्थापन नहुनु । कृषि योग्य भुमी बाँझिदै जानु

९. सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन नहुनु ।

१०. दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

## २.२. सरोकारवाला पहिचान

गजुरी गाउँपालिका भित्र लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने ।दोश्रो माद्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछ ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| महिला तथा बालबालिकाशाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजनाशाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षाशाखा | बैक तथा वित्तिय संथा | प्रदेश सुशासन केन्द्र |
| स्वास्थ्यशाखा | उद्योगहरु | भूमी व्यवस्था आयोग |
| प्रशासनशाखा | वालक्लवहरु | संघीय मन्त्रालयहरु |
| वडाकार्यालयहरु | आमा समूहहरु | महिला आयोग |
| गाउँकार्यपालिका | उद्योग वाणिज्य संघ | दलित आयोग |
| गाउँ सभा | विद्यालयहरु | मुस्लीम आयोग |
| न्यायिक समिति | गैह्रसरकारी संस्थाहरु | राष्ट्रिय योजना आयोग |
| विषयगत समितिहरु सवै | राजनैतिक दलहरु | मानव अधिकार आयोग |
| कृषि शाखा | | अन्तराष्ट्रिय दातृ निकायहरु |
| पशुसेवा शाखा | | राष्ट्रिय स्तरका संचार माद्यमहरु |

गणेशलाल श्रेष्ठ
अध्यक्ष

## २.३. लक्षितवर्ग पहिचान

गजुरी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

१. महिला
२. एकल महिला
३. बालबालिका
४. जेष्ठनगारिक
५. दलित (दमाइ कामी सार्की )
६. चेपाङ
७. मजदुर
८. अपाङ्गता भएका व्यक्ति
९. द्वन्द्वपिडित
१०. विपन्न वर्ग
११. सुकुम्वासी
१२. लैङ्गिक तथा यौनिक अल्पसंख्यक

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट गजुरी गाउँपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन । वलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । गाउँपालिकामा सघन रुपमा रहेको चेपाङ तामाङ र दिलत जाती मुख्य लक्षित वर्गमा पर्दछ । यो गाउँपालिकाका सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३. दीर्घकालिन सोच (Vision)

सामाजिक विभेदको अन्त्य वन्चितहरुको मुलप्रावहीकरणः गजुरीको संकल्प लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ।

## ४. ध्येय (Mission)

जातीय रुपमा दलित तथा चेपाङ र तामाङ लिङ्गीय रुपमा महिलालाई आवश्यक श्रोत तथा अवसर प्रदान गरी प्राप्त उपलव्धी का आधारमा विभेदको अन्त्य गर्ने ।

## ५. लक्ष (Goal)

न्यायोचित तथा समतामुलक विकासको माध्यमवाट बहिस्करणमा परेको वर्गलाई विकासको मूल प्रवाहमा ल्याउने।

## ६. उदेश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप गजुरी गाउँपालिकाले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छनः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।
२. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।
४. नीति कानून मा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।
५. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।
६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने।
७. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।
८. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७.लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

माथि उल्लेखित उदेश्यहरु परिपुर्तीको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पुर्वाधार, कृषि वन तथा भूमीसुधार,गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने

२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।

४. पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला,बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक,दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५. लैससास वारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने

६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

७. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

८. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९. बालबालिका तथा अपाङ्ग एवम जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

१०. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११. निर्माण भएका संघीय तथा स्थानीय कानुन कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।

१२. सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

# ८. लैससास रणनीति(GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लगि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः

## ८.१ मूल प्रवाहिकरण

क. महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथासंरचनाहरू, योजना, बजेट, पँहुच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने ।साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यम वाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

## ८.२ समावेशीकरण

क. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

## ८.३ स्थानीयकरण

क. अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने ।

## ८.४ सशक्तिकरण

क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८.५ सचेतीकरण

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शन का प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परीणाममा एकरुपता ल्याउने ।

ख. समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्पराविरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

## ८.६ संस्थागत संरचना

क. संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७ समन्वय

क. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा,बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

## ८.८ सहकार्य

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखा हरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गर्ने ।

ख. प्रदेशसरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

## ८.९ सहजीकरण

क. वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

## ८.१० सामाजिक सुरक्षा

क. नागरिक, जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख. सामजिक सुरक्षा अन्तरगत अल्प संख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लीम लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जन मा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन मूल्याङ्कन

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

## ९. रणनैतिक कृयाकलापहरु

नेपाल सरकार
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
गणेशलाल श्रेष्ठ
अध्यक्ष

| | उदेश्य | नीति |
|---|---|---|
| | लैङ्गिक उत्तरदायी बजेट निर्माणमार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने । |

गणेशलाल श्रेष्ठ
अध्यक्ष

| | |
|---|---|
| | गणेशलाल श्रेष्ठ<br>अध्यक्ष |
| श्रोत साधनमा लक्षितवर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने। | हरेक वर्षलैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । |



गणेशलाल श्रेष्ठ
अध्यक्ष

नेपाल सरकार
गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश नेपाल

…लाल श्रेष्ठ
अध्यक्ष

| | |
|---|---|
| | |
| लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रबाहीकरण गर्ने । | महिलातथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । |

नेपाल सरकार
नजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नजुरी, धादिङ
बागमती प्रदेश नेपाल

गणेशलाल श्रेष्ठ
अध्यक्ष

नेपाल सरकार
गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश नेपाल

गणेशलाल श्रेष्ठ
अध्यक्ष
२०

| | | |
|---|---|---|
| | | |
| | नीतिक कानूनमा नै महिला तथा लक्षितवर्गको समावेशिता सुनिश्चित गर्ने। | पालिकाले निर्माणगरेका सबै कानून, नीति नियम, निर्देशिका कार्यविधि महिला,बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक,अपाङ्गता, जेष्ठनागरिक, दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । |

नेपाल सरकार मजुरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मजुरी, धादिङ बागमती प्रदेश नेपाल

गणेशलाल श्रेष्ठ
अध्यक्ष

नेपाल सरकार
गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश नेपाल

गणेशलाल श्रेष्ठ
अध्यक्ष

| | | |
|---|---|---|
| | | |
| | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने | १. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने । <br> २. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने । <br> ३. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । |



गणेशलाल श्रेष्ठ
अध्यक्ष

नेपाल सरकार
गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश नेपाल

गणेशलाल श्रेष्ठ
अध्यक्ष

२५

गणेशलाल श्रेष्ठ
अध्यक्ष

नेपाल सरकार
नबुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नबुरी, धादिङ
बागमती प्रदेश नेपाल

२८

गणेशलाल श्रेष्ठ
अध्यक्ष

| | | |
|---|---|---|
| | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने। | १. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारे माकर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने । |

नेपाल सरकार नजुरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नजुरी, धादिङ बागमती प्रदेश नेपाल

गणेशलाल श्रेष्ठ
अध्यक्ष

| | |
|---|---|
| | |
| अनौपचारिक मूल्य मान्यता कु संस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । |

गणेशलाल श्रेष्ठ
अध्यक्ष

नेपाल सरकार
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश नेपाल

गणेशलाल श्रेष्ठ
अध्यक्ष

| | |
|---|---|
| | नेपाल सरकार<br>गजुरी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>गजुरी, धादिङ<br>बागमती प्रदेश नेपाल |

३०

गणेशलाल श्रेष्ठ
अध्यक्ष

| | | |
|---|---|---|
| | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइसं गसम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राखे र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससग सम्बन्धीत सूचकहरु निर्माणगरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । |

नेपाल सरकार गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मझरी, धादिङ बागमती प्रदेश नेपाल



गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ

गणेशलाल श्रेष्ठ
अध्यक्ष

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण को कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । लैससास मुल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछ:

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सबै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरुमा अद्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीतिक कार्यान्वयनमा ल्याउनका लागि यो बेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका बैठकले अनुमोदन गर्नु पर्दछ। यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि यो गाउँपालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाकासाथ कार्यान्वयनमा लैजानेछ। तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयन मा आउने छन ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

## १२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी यो गजुरी गाउँपालिकाका अध्यक्ष संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको ) भने सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारीअनुगमन समितिका प्रमुख एवम यो गाउँपालिकाका उपाध्यक्षको हुनेछ भने आवश्यकतअनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छूटेका विषयहरु पहिचान गर्न सकिनेछ ।यो गाउँपालिकामा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ ।रणनैतिक कृयाकलाप को वारेमासवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाइनेछ ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. गजुरी गाउँपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत विश्लेषण गरेर प्राप्त उपलव्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गर्ने ।

ग. यो गाउँपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखाअन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने।जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

## १४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १४.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ

क. पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्किसमानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुनसक्छ।

ख. सार्वजानिक तथा निजीक्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्कि समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्त ।

### १४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैंगिकसमानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

ख. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।

ग. स्थानीय तहका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने।

घ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने ।

## १५ निश्कर्ष

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ ।यो गाउँपालिकामा वनेका नीति नियम कार्यविधिहरु अध्ययन गर्दा नीतिहरु वन्ने तर कार्यान्वयन नहुने कुरा स्पस्ट रुपमा देखिएको छ त्यसैले वार्षिक रुपमा वनेका नीति नियम कार्यविधिहरु के कति कार्यान्वयन भए वा बाँकी छन भन्ने कुरा पहिचान गर्ने गरि अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजान पर्दछ । यसरी निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्षमा पुग्न सकिन्छ ।गजुरी

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गाउँपालिकामा पदाधिकारी तथा कर्मचारीहरुमा लक्षित वर्ग संगै युवाहरुको व्यापक सहभागिता रहेको हुनाले कार्यान्वनय गर्न सहज देखिन्छ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष